# भार्गव विकास बैंक लि.
# Bhargav Bikash Bank Ltd.

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त वित्तीय संस्था (बाँके, दाङ र बर्दिया जिल्ला कार्यक्षेत्र भएको)

**प्रधान कार्यालय**
कारकाँदो नेपालगन्ज, बाँके
फोन नं. ०८१-५५१२९४/५५१३१६
E-mail : info@bhargavbank.com.np
Web : www.bhargavbank.com.np


च.न :६४३/०७५/७६

मिति : २०७५/१२/१०

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौ

**विषय : जानकारी गराएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको मिति २०७५ चैत्र ०८ गते शुक्रबार बेलुका ५ बजे बसेको सञ्चालक समितिको १९३ औं बैठकबाट एघारौं वार्षिक साधारण सभा सम्बन्धमा नगद लाभांश वितरण प्रस्ताव, शेयर नामसारी दाखिल खारेज बन्द गर्ने सम्बन्धमा भएका मुख्य निर्णयहरु जानकारीका लागि अनुरोध गर्दछु । उक्त सम्बन्धमा संचालक समितिबाट भएका निर्णय माइन्युट उतार यसै साथ संलग्न राखी पठाइएको छ ।

भवदीय,

..............................

(पुष्कर राज जोशी)
प्रमुख कार्यकारी अधिकृत


शाखा कार्यालयहरु:

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेपालगञ्ज, बाँके ☎०८१-४१५०२७ | नारायणपुर, दाङ ☎०८२-५३०१५१ | तुलसीपुर, दाङ ☎०८२-५२२७८० | बाँसगढी, बर्दिया ☎०८४-४००१०१ | मंगरागढी, बर्दिया ☎०८४-४०४०६८ | कोहलपुर, बाँके ☎०८१-५४१७१८ | घोराही, दाङ ☎०८२-५६३७४० | भुरीगाउँ, बर्दिया ☎०८४-४०३११८ |
| हापुरे, दाङ ☎०८२-४०३०५२ | लालमटीया, दाङ ☎०८२-५८०१०१ | पाताभार, बर्दिया ☎९८०१३२८८११ | लमही, दाङ ☎०८२-५४०८२० | गुलरिया बर्दिया ☎०८४-४२०३८६ | राजपुर, दाङ ☎९८०१३२८८१४ | मैनापोखर, बर्दिया ☎०८४-४०१०८१ | अगैया, बाँके ☎९८०१३२८८१६ |

# भार्गव विकास बैंक लिमिटेडको सञ्चालक समितिको २०७५ साल चैत्र ८ गते शुक्रवार बेलुका ५ बजे बसेको १९३औं बैठकको निर्णय माइन्युट उतार

**निर्णय नं. २)** यस विकास बैंकको एघारौं बार्षिक साधारण सभा २०७५ साल चैत्र ३० गते शनिबार (तद्नुसार १३ अप्रिल २०१९) का दिन बिहान १०:०० बजे View Hotel SIDDHARTHA Pvt. Ltd, कारकाँदो, नेपालगञ्जमा बोलाउने निर्णय गरियो ।

**निर्णय नं. ४)** एघारौं बार्षिक साधारण सभामा छलफलका लागि निम्न लिखित विषयहरु पेश गर्ने निर्णय गरियो ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष ०७४/७५ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको ०७४/७५ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण तथा सम्बन्धित अनुसुचिहरु पारित गर्ने ।

३) आर्थिक वर्ष ०७५/७६ को लागि लेखापरीक्षकको नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक एच के एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्स (श्री हरि कुमार सिलवाल-एफसिए) कम्पनी, चार्टड एकाउण्टेण्ट्स पुन: नियुक्त हुन योग्य भएको)

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ६ प्रतिशत नगद लाभाँश रु. ३,००,९६,०००/- वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**ख) विषेश प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रबन्धपत्रको दफा ५(ङ) र नियमावलीको नियम ८(१) मा आवश्यक शंसोधन गर्ने ।

२) प्रबन्धपत्र र नियमावलीमा संशोधन सम्बन्धी प्रस्तावहरुको संशोधनमा नियमनकारी निकायहरुबाट स्वीकृति लिन वा अभिलेख गराउने सिलशिलामा कुनै निर्देशन दिइएमा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन समेतको कार्य गर्न सक्ने गरी संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

३) उपयुक्त अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ती ( एक्विजिशन) हुने/गर्ने सम्दर्भमा सञ्चालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारीत गर्ने ।

४) बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्वन्धि विनियमावली, २०७३ मा तोकिए बमोजिम भार्गव विकास बैंक लिमिटेडको चल अचल सम्पत्ती र दायित्व तथा कारोवारको मुल्याङ्कन गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्न र गाभ्ने गाभिने (मर्जर), तथ प्राप्ती (एक्विजिशन)) हुने/गर्ने सम्वन्धि सम्झौता गर्न र अन्य सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

BHARGAV BIKASH BANK LTD.

**निर्णय नं. ५)** यस विकास बैंकको एघारौं बार्षिक साधारण सभा मिति २०७५/१२/३० मा गर्ने निर्णय भएको हुँदा साधारणसभामा भाग लिने प्रयोजनका लागि विकास बैंकको दाखेल खारेज मिति २०७५/१२/२२ गते १ दिन बन्द रहनेछ। मिति २०७५/१२/२१ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई मिति २०७५/१२/२९ गते कार्यालय समय भित्र यस विकास बैंकको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., नागपोखरी, काठमाण्डौंमा प्राप्त भएको विवरणको आधारमा तथा हितग्राही खातामा कायम भएका शेयरधनिहरुले मात्र एघारौं वार्षिक साधारण सभामा भाग लिन पाउने व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय माइन्युट उतार प्रमाणीत गर्ने,

(पुष्कर राज जोशी)
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

BHARGAV BIKASH BANK LTD.